नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
धुन्चे, रसुवा

फोन नं. ०१०-५४०१३१
हटलाईनः ०१०-५४००१९(२४सैं घण्टा)
ईमेलः rasuwadao@gmail.com
वेवसाईटः daorasuwa.moha.gov.np
Google+ code: 476K+J6

बागमती प्रदेश, नेपाल

पत्र संख्या :- ०८१/८२
चलानी नं :- ५१०

मितिः२०८१/०७/२५
नेपाल संवत, ११४५

श्री नेपाल राष्ट्रिय व्यवसायी महासंघ, काठमाडौं।
श्री नेपाल व्यापार संघ, काठमाडौं।
श्री एकता व्यापार संघ, काठमाडौं।
श्री नेपाल हिमालय सिमापार वाणिज्य संघ, काठमाडौं।
श्री नेपाल ट्रक कन्टेनर ढुवानी सेवा प्रा.लि. लोकन्थली, भक्तपुर।
श्री नारायणी यातायात व्यवसायी संघ हेटौडा, मकवानपुर।

विषयः मालवाहक ढुवानी साधन (ट्रक/कन्टेनर) को भाडा सम्बन्धमा।

प्रस्तुत विषयमा गत असोजमा गएको बढी पहिरोका कारण चीनतर्फको रसुवागढी-केरुङ्ग सडक क्षतिग्रस्त भई अवरुद्ध भएको व्यहोरा अवगत नै छ। नेपाली पक्ष र चीनीयाँ पक्षबिच भएको निरन्तर छलफल तथा समन्वय पश्चात मिति २०८१-७-१३ बाट अवरुद्ध सडक आंशिक रुपमा सञ्चालनमा आएको छ। यस पश्चात करिव एक महिना सडक अवरुद्ध हुदाँ नेपाली व्यवसायीको ठूलो परिमाणमा केरुङ्गमा रोकिएका सामानहरु क्रमशः नेपालतर्फ आईरहेका छन। चीनतर्फ क्षतिग्रस्त सडकको पुनर्निर्माण पूर्ण रुपमा सम्पन्न भई नसकेकाले नेपालतर्फका ट्रक कन्टेनरहरु पर्याप्त मात्रामा चीनतर्फ जान नपाएको अवस्था विद्यमान रहेको छ। नेपाली पक्ष र चीनीयाँ पक्षका अधिकारीविच छलफल भएअनुसार क्षतिग्रस्त सडकको पुनर्निर्माण निकट भविष्यमा सम्पन्न हुने र व्यापारिक मालबस्तु आयात निर्यातको अवस्था पूर्ववत अवस्थामा फर्कने व्यहोरा समेत जानकारी गराईन्छ। चीनतर्फको सडकको बर्तमान अवस्थाका कारण मालसामान ढुवानीका लागि सीमित संख्यामा कन्टेनरहरु चीनतर्फ गईरहेको हुदाँ नेपाली व्यवसायीहरुले यस असहज परिस्थितिमा व्यापारिक सामान आयातको ढुवानी भाडा अस्वभाविक बढाएको भन्ने गुनासो बढेको छ।

व्यापारिक सामान आयातको ढुवानी भाडा अस्वभाविक बृद्धिबाट आयातित बस्तुको मूल्यबृद्धि हुन भई यसको प्रत्यक्ष मार उपभोक्तामा पर्ने हुदाँ रसुवागढी नाका हुदै आयात हुने मालबस्तुहरुको ढुवानी साधनले नेपाल सरकारका निकायमा घोषणा गरेको भाडा मूल्य भन्दा बढी भाडा लिएको पाईएमा प्रचलित कानूनबमोजिम कडा कारवाही हुने व्यहोरा राजस्व चुहावट नियन्त्रण समिति, रसुवाको मिति २०८१/७/२४ को निर्णयानुसार सम्पूर्ण सरोकारवालाहरुलाई जानकारी गराईन्छ। साथै, कसैले अनधिकृत रुपमा तोकिएको भाडा भन्दा बढी भाडा लिएको पाईएको सोको प्रमाणसहित सम्बन्धित निकायमा उजुरी तथा सूचना उपलब्ध गराउनु हुन समेत सम्पूर्ण सरोकारवालाहरुलाई अनुरोध गरिन्छ।

(अर्जुन पौडेल)
प्रमुख जिल्ला अधिकारी